बैठक नं. २५

आज मिति २०८० साउन १२ गते शुक्रबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा २५ औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिब | |

Scanned with CamScanner

**२४ औं कार्यपालिका बैठक/२०८० असार श्रावण १२ गते**

छलफलका विषय

१। दोश्रो सभाको तेश्रो अधिवेशन (मिति २०८० असार ८) मा पारित करका दरका विषयमा,

२। जग्गा प्राप्ती सम्बन्धमा,

३। उद्योग ग्राम शिघ्र संचालन गर्न अनुरोध गर्ने सम्बन्धमा,

४। कृषि समिति, पर्यटन समिति खारेज गर्ने र आर्थिक समितिलाई जिम्मेबारी दिने सम्बन्धमा,

५। जग्गा नापचाज कार्य सम्बन्धमा,

६। विविध

देवचुली नगरपालिकाको चौवीसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। तेइसौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। दोश्रो सभाको तेश्रो अधिवेशन (मिति २०८० असार ८) मा पारित करका दरका विषय (करको दर बढेको भनी) मा चासो राखी देबचुली उद्योग वाणिज्य संघ, स्थानीय व्यापारी, व्यवसायी, केही राजनीतिक दल लगायतले नगरपालिकाको कार्यालयमा ज्ञापन पत्र दिने र स्थानीय राजश्व परामर्श समितिका संयोजक एवम् उप प्रमुखको कार्यकक्ष र राजश्व शाखामा तालाबन्दी गरेको सम्बन्धमा सम्बन्धित आन्दोलनरत पक्षसंग समेत छलफल गरी आ.व. २०८०/०८१ का लागि प्रस्तावित करका दरका विषयमा के कति पुनरावलोकन गर्न सकिन्छ ७ दिन भित्र राय सुझाव दिन नगर प्रवक्ता तिल प्रसाद काफ्लेको संयोजकत्वमा वडा नं. १, ३, १२ र १३ का वडाध्यक्ष र राजश्व शाखाका कर्मचारी गंगा भुसाल रहेको कार्यदल गठन गर्ने । कार्यदलको सुझावको आधारमा आगामी कार्यपालिका वैठकवाट निर्णय गर्ने ।

३। देवचुली नगरपालिका भित्रबाट उत्सर्जन हुने फोहरमैलाको बैज्ञानिक हिसावले व्यवस्थापन गरी दिगो र दिर्घकालिन समाधान गर्न फोहरमैला संकलन तथा प्रशोधन केन्द्र निर्माणका लागि यसै कार्यपालिकाको वैठकको निर्णय अनुसार वडा नं. ६ मृत्युञ्जको वौलाहा खोला किनाराको सार्वजनिक जग्गालाई प्रस्ताव गरी उक्त स्थानमा बातावरणीय परिक्षण गरी सोको सम्भाव्यता अध्ययन समेत भैसकेको हुनाले उक्त सार्वजनिक जग्गा मध्ये करिव ३ विगाहा जग्गा नगरपालिकाको नाममा प्राप्ती गर्नका लागि जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पु) मा आवश्यक प्रकृया अगाडी बढाउन कार्यालयलाई जिम्मेबारी दिने,

४। गण्डकी प्रदेश उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्रालयको योजनामा देबचुली नगरपालिका र कावासोती नगरपालिकाको लोकाहा क्षेत्रलाई औद्योगिक ग्राम घोषणा गरी जग्गा प्राप्ती लगायतका प्रकृया पुरा गरिसकेको हुनाले प्रस्तावित औद्योगिक ग्राम भित्र उद्योगहरु स्थापना गरी संचालनमा ल्याउने बातावरण छिटो भन्दा छिटो मिलाईदिन गण्डकी प्रदेश उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्रालयमा अनुरोध गर्ने,

५। नगर प्रमुखको अध्यक्षतामा गठन भएको कृषि समिति र पर्यटन समिति खारेज गरी अव उप्रान्त विषयगत समिति अन्तर्गतको आर्थिक विकास समितिले नै साविक कृषि समिति र पर्यटन समितिले गर्दै आएको कामहरु गर्ने गरी जिम्मेबारी दिने,

६। भुमि सम्वन्धी समस्या समाधान आयोग अन्तर्गत भुमिहीन दलित, भुमिहीन सुकुम्बासी तथा अव्यवस्थित वसोबासीको लागि जग्गा उपलब्ध गराउन जग्गा नापजाँचको कार्य भैरहेको सन्दर्भमा भुमिहीन दलित र भुमिहीन सुकुम्वासी अन्तर्गत फाराम भरेका व्यक्तिको जग्गा नापजाँच कार्यलाई पहिलो प्राथमिकतामा राखी सबै वडाका भुमिहीन दलित, भुमिहीन सुकुम्वासीको जग्गा नापजाँच कार्य सम्पन्न गर्ने र त्यसपछि मात्र अव्यवस्थित वसोबासीको जग्गा नाप्ने कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने,

७। विविध

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

क. देबचुली नगरपालिका अन्तर्गत देबचुली नगर अस्पताल दुम्कौलीमा कार्यरत शर्मिला थनेत (सि.अ.न.मी. पाचौं) ले स्वास्थ्य सेवा विभागको पूर्व स्वीकृति लिई पुर्ण छात्रबृति कोटामा वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा भर्ना भई अध्ययन गर्न शुरु गर्नु भएको र स्वास्थ्य सेवा ऐन, २०५३ तथा निमायवली, २०५५ अनुसार अध्ययन विदा स्वीकृतीका लागि शिफारिश माग गर्नु भएकोले अध्ययन विदाको लागि स्वीकृती दिने । साथै एउटै संस्था र एउटै सेवाका एक भन्दा बढी कर्मचारी एकै पटक अध्ययन विदामा बस्दा सेवा प्रवाहमा कठिनाई हुने हुनाले अबदेखि एक पटकमा एक जनालाई (अध्ययन विदामा गएको कर्मचारी अध्ययन सकेर कार्यालयमा हाजिर भएपछि) मात्र अध्ययनको अनुमति दिन स्वास्थ्य शाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने,

ख. देबचुली नगरपालिका भित्र निर्माण भएका अधिकांश घर, टहराहरु नक्सापास नभएको पाइएकोले चालु आर्थिक बर्षको सम्पती कर वा भुमिकर लिदा, घर नक्सा पास भए नभएको अनिवार्य रुपमा एकिन गर्ने, यदि घर नक्सा पास नभएको भए नगरपालिकाको नियमानुसार नक्सा पास गर्न लगाएर मात्र सम्पती कर वा भुमिकर लिने व्यवस्था मिलाउन वडा कार्यालयहरुलाई निर्देशन दिने ।

ग. वडा भित्रको व्यवसाय कर, घर बहाल करको लगत तयार गरी कर संकलन कार्यलाई वैज्ञानिक, पारदर्शी बनाउने र लगत लिने कार्यमा आवश्यकता अनुसार वडा सदस्यहरुलाई परिचालन गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने,

घ. देबचुली नगरपालिका वडा नं. १३ स्थित प्रस्तावित बनबाटिकाको जग्गामा मानव सेवा आश्रम हेटौडाले गरिव तथा असहायहरुका लागि स्वास्थ्य उपचार सेवा प्रदान गर्ने उद्धेश्य सहित अस्पताल निर्माण गर्ने योजना अनुसार जग्गा उपलब्ध गराउन अनुरोध गरेको हुनाले उक्त जग्गा अस्पताल निर्माणका लागि उपलब्ध गराउन सहमति दिने,

ङ. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार लघु, घरेलु र साना उद्योगको दर्ता, नविकरण, खारेजी, नियमन, विकास प्रबर्द्धन र व्यवस्थापन सम्बन्धी काम नगर कार्यपालिकाको कार्यालयको भएको र उद्योग सम्बन्धी काम गर्ने अधिकार वडा कार्यालयलाई कार्यपालिकाबाट प्रत्यायोजन नभएसम्म नगर कार्यपालिकाको कार्यालयबाटै गर्नुपर्ने हुनाले उद्योग सम्बन्धी कुनै पनि काम वडा कार्यालयको सिफारिशमा नगर कार्यपालिकाको कार्यालयबाट गर्न वडा कार्यालयहरु र कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । साथै नगरपालिका भित्र भएका अन्य मझौला तथा ठुला उद्योगसंग सम्बन्धित जुनसुकै कार्य वडा कार्यालयको सिफारिशमा नगरपालिका कार्यालय मार्फत गर्ने गराउने व्यवस्था मिलाउने ।

च. देबचुली नगरपालिका नगर खेलकुद विकास समितिको संयोजकमा देबचुली नगरपालिका वडा नं. ९ का श्री चन्द्र बहादुर थापा मगरलाई तोक्ने,

छ. देबचुली माध्यामिक विद्यालयको व्यवस्थापन समिति गठन विषयमा उच्च अदालत पोखरामा परेको रिट निवेदनका विषयमा प्रतिउत्तर लगायत अन्य कार्यका लागि यस कार्यालयका अधिकृत सातौं श्री अविनाश पन्थीलाई नगर प्रमुखको तर्फबाट वारेस तोक्ने,

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner